# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १५ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

1. आज विश्व उपभोक्ता अधिकार दिवस हो।

2. मन्जुश्री कम्पनी अधिनस्थ चारवटा चियाकमानका श्रमिकहरू, आफ्नो मांग, मालिक तथा प्रबन्धक पक्षले पूरा नगरे सम्म वर्षको पहिलो चियाको पत्ती नटिप्ने निर्णयमा अडिग रहेका छन्।

3. पश्चिम बंगालको ११ गोर्खा जाति अनि सिक्किमका १२ गोर्खा जातिलाई अनुसूचित जनजाति सूचीमा समावेश गर्ने मांग सम्बन्धी एउटा पत्र जनजातीय मामला मंत्रालयमा दर्ता गरिएको छ।

**4.** मिरिकमा हिज शुक्रबारदेखि तिन दिवसीय भव्य पुष्प प्रदर्शनी तथा बिक्री शुरु भएको छ।

5. आगामी वर्ष गणतंत्र दिवसको अवसरमा घोषित गरिने पद्म पुरस्कार-2026 को लागि ऑनलाइन नामांकन आजदेखि शुरू भएको छ।

**उपभोक्ता अधिकार दिवस**

आज विश्व उपभोक्ता अधिकार दिवस हो। यो दिवस प्रति वर्ष 15 मार्चमा उपभोक्ता अधिकारहरु अनि यसको सुरक्षा बनाए राख्ने आवश्यकताको स्मरण गराउनका लागि मनाइन्छ। यो दिन सबै उपभोक्ताहरुका मूल अधिकारहरुलाई बढ़ावा दिन तथा यी अधिकारहरुको सम्मान तथा संरक्षण गर्नकालागि प्रोत्साहित गर्ने अवसर पनि हो। हाम्रो संवाददाताले बताए अनुसार विश्व उपभोक्ता अधिकार दिवस 2025 को विषय - सतत जीवन शैलीकालागि न्यायोचित परिवर्तन हो।

****** ० ******

**प्रल्हाद जोशी**

केन्द्रीय उपभोक्ता मामलाहरुको मंत्री प्रल्हाद जोशीले आज विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा एउटा वेबिनारलाई संबोधन गर्नुहुँदै, उपभोक्ताहरु भ्रामक दावाहरु विरूद्ध पूर्णरुपले जागरूक अनि सुरक्षित होस् भनी सुनिश्चित गराउनकालागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो कि उपभोक्ताहरुलाई जागरूक बनाउनकालागि सरकारले शिकायत निवारण तंत्रलाई आधुनिक बनाएको छ। श्री जोशीले भन्नुभयो कि ई-कॉमर्सको क्षेत्रमा ग्राहकहरुको सहायताकालागि उपभोक्ता संरक्षण (ई-कॉमर्स) नियम, 2020 बनाइएको छ। भारतमा ग्राहक सशक्तिकरणकोलागि राष्ट्रीय उपभोक्ता हेल्पलाइन माइलखुट्टी बनेको पनि श्री जोशीले बताउनुभयो। सरकारले उद्योग जगतलाई, सतत नवाचार अनि पर्यावरण अनुकूल विनिर्माण प्रक्रिया अपनाउनकालागि प्रेरित गरिरहेको पनि उहाँले बताउनुभयो। सरकारले उपभोक्ताहरुको संरक्षण साथै उनीहरुको समृद्धि माथि ध्यान केंद्रित गरिरहेको पनि श्री जोशीले बताउनुभएको छ।

****** ० ******

**मिरिक-चियाश्रमिक**

मन्जुश्री कम्पनी अधिनस्थ मर्मा चियाकमान, मन्जु चियाकमान, टिङलिङ चियाकमान अनि सिङबुली चियाकमानका चिया श्रमिकहरूले आफ्नो मांग, मालिक तथा प्रबन्धक पक्षले पूरा नगरे सम्म वर्षको पहिलो चियाको पत्ती नटिप्ने निर्णयमा अडिग रहेका छन्। मालिक अनि प्रबन्धक पक्षले गत वर्षको रहल चार प्रतिशत बोनस भुक्तान गरिदिने तथा आगामी बोनसको बीस प्रतिशत तय गरिदिने मांग चिया श्रमिकहरुले राखेका छन्।

****** ० ******

**गोर्खा-अनुसूचित जनजाति**

पश्चिम बंगालको ११ गोर्खा जाति अनि सिक्किमका १२ गोर्खा जातिलाई अनुसूचित जनजाति सूचीमा समावेश गर्ने माग सम्बन्धी एउटा पत्र भारत सरकारको जनजातीय मामला मन्त्री श्री जुएल ओरामको कार्यालयमा औपचारिक रूपमा दर्ता गरिएको छ। दार्जीलिङ्गको विधायक निरज जिम्बाले आज एउटा प्रेस विज्ञप्ती जारी गर्नु हुँदै श्री ओरामले यस पत्रको प्राप्ति सुनिश्चित गर्दै यस गम्भीर विषयलाई ध्यानपूर्वक अध्ययन गरिरहेको आश्वासन दिनुभएको बताउनुभएको छ। यस दीर्घकालीन तथा संवेदनशील मुद्दालाई संविधानसम्मत मान्यता, पहिचान, र सामाजिक-राजनैतिक न्यायको दृष्टिकोणबाट सम्बोधन गर्न पत्र मार्फत औपचारिक अनुरोध गरिएको श्री जिम्बाले बताउनुभएकोछ। उहाँले भन्नुभयो केन्द्रीय मन्त्रीको स्वीकृति र यस विषयमा मन्त्रालयद्वारा गम्भीर अध्ययन भइरहेको कुरा गोर्खा समुदायको अधिकार प्राप्तिका लागि महत्वपूर्ण प्रगति हो। मन्त्रालयको गम्भीर चासो अनि सकारात्मक सङ्केतले यो मुद्दा चाँड़ै समाधानको प्रक्रियामा प्रवेश गर्ने सम्भावनालाई थप बल पुऱ्याएको पनि श्री जिम्बाले बताउनुभएको छ। यसको साथै यस मुद्दामा निरन्तर अनुगमन गर्दै उच्च स्तरका सरकारका नेतृत्वहरूसित समन्वय गरी गोर्खा समुदायको अधिकार सुनिश्चित गर्न आफुले दृढ प्रयास गरिरहने कुरो पनि विधायक जिम्बाले बताउनुभएको छ।

****** ० ******

**पद्म पुरस्कार**

आगामी वर्ष गणतंत्र दिवसको अवसरमा घोषित गरिने पद्म पुरस्कार-2026 को लागि ऑनलाइन नामांकन आजदेखि शुरू भएको छ। नामांकनको अंतिम तारीख आगामी 31 जुलाई हुनेछ। पद्म पुरस्कारको लागि नामांकन अनि सिफारिश केवल राष्ट्रीय पुरस्कार पोर्टलमा ऑनलाइन स्वीकार गरिनेछ। पद्म पुरस्कार- पद्मविभूषण, पद्मभूषण अनि पद्मश्री देशको सर्वोच्च नागरिक सम्मानहरुमा शामेल छ। यी पुरस्कारहरु अंतर्गत 'उत्कृष्ट कार्य' को लागि सम्मानित गरिन्छ। पद्म पुरस्कार कला, साहित्य एवं शिक्षा, खेल, चिकित्सा, समाज सेवा, विज्ञान एवं अभियन्त्रिकी, लोक कार्य, नागरिक सेवा, व्यापार एवं उद्योग जस्ता सबै क्षेत्र तथा विषयहरुमा विशिष्ट अनि असाधारण उपलब्धि तथा सेवाको लागि प्रदान गरिन्छ। जाति, व्यवसाय, पद तथा लिंगको भेदभाव बिना सबै व्यक्ति यी पुरस्कारहरुकोलागि पात्र छन्। चिकित्सक अनि वैज्ञानिकहरु बाहेक अन्य लोकसेवक तथा सार्वजनिक क्षेत्र का उपक्रमहरुमा कार्यरत कर्मचारी पद्म पुरस्कारहरुका पात्र हुँदैनन्।

****** ० ******

**आरबीआई - डिजिटल पुरस्कार**

भारतीय रिज़र्व बैंकलाई ब्रिटेनमा केन्द्रीय बैंकिंग द्वारा डिजिटल परिवर्तन पुरस्कार 2025 को लागि चिन्हित गरिएको छ। केंद्रीय बैंकलाई **प्रवाह** अनि **सारथी** नामको डिजिटल पहलहरुको लागि सम्मानित गरिन्दैछ। पुरस्कार समिति अनुसार यी डिजिटल पहलहरुले कागज़को प्रयोगलाई कम गरेको छ। जनवरी 2023 मा शुरू गरिएको सारथी पहलको कारण रिजर्व बैंक मा आंतरिक कार्य प्रवाह डिजिटल बनेको छ, जसद्वारा कर्मचारीहरुले सुरक्षित रूपले दस्तावेज़हरुलाई संग्रहीत तथा साझा गर्नमा सक्षम बनेका छन्। बैंकका उपभोक्ताहरुकालागि विगत वर्ष मई मा प्रवाहको रूपमा शुरू गरिएको दोस्रो पहलद्वारा उपभोक्ताहरुलाई विनियामक आवेदन गर्नका लागि एक डिजिटल माध्यम प्राप्त भएको छ।

****** ० ******

**मिरिक-पुष्प प्रदर्शनी**

मिरिक फ्लोरीकल्चर संस्थाको आयोजनामा हिज शुक्रबारदेखि मिरिकमा भव्य पुष्प प्रदर्शनी तथा बिक्री शुरु भएको छ। मिरिकको सौन्दर्यलाई अझै मनमोहक बनाउने उद्देश्यले आयोजित यो प्रदर्शनी तीन दिनसम्म चल्नेछ। प्रदर्शनीमा मिरिकमा उत्पादित सिम्बिडियम अर्किड मुख्य आकर्षणको रूपमा रहेको छ। सिम्बिडियम अर्किड साथै विभिन्न मौसमी फूलहरू पनि प्रदर्शनीमा राखिएको छ। मिरिकका फूल उत्पादकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले गत वर्ष झैँ यस वर्ष पनि पुष्प प्रदर्शनीको आयोजना गरिएको आयोजकले बताएको छ। यस प्रदर्शनीले स्थानीय फूल उत्पादकहरूलाई आफ्नो उत्पादन प्रदर्शन गर्ने र बिक्री गर्ने अवसर प्रदान गर्नेछ। मिरिकको स्थानीय फूल उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित यस प्रदर्शनीले स्थानीय अर्थतन्त्रलाई पनि टेवा पुर्याउने अपेक्षा गरिएको छ।

****** ० ******

**कार्यशाला-दार्जीलिङ्ग**

महिला स्वनिर्भर दल अनि गैर सरकारी संस्थाका सदस्यहरुलाई लिएर ३५ दिवसीय कार्यशाला गत बिहीवारदेखि दार्जीलिङ्गमा शुरु भएको छ। यसलाई लिएर स्थानीय हेडन हलमा एउटा जनचेतनामूलक कार्यशाला गरियो। यस अवधि हेडन हल दार्जीलिङको सहयोगमा राष्ट्रिय जूट परिषदद्वारा स्वयंसेवी महिलाहरुलाई विविध प्रशिक्षण, सरसुविधा एवं सहायताबारे अवगत गराइएको जानकारी प्राप्त भएको छ। पहाडको विभिन्न ठाउँमा हुने यस्तो प्रशिक्षण शिविरमा महिला उद्यमीहरुलाई सरसामाग्री उत्पादन, विपणन अनि काँचो जिनिसपत्र आपुर्तिबारे जानकारी गराइने थाहा लागेको छ।

****** ० ******

**फुटबल**

भूतपूर्व सैनिक वेलफेयर एसोसिएसन पचेङ शाखाको आयोजनामा निम्न सोनादाको दुबे खेल मैदानमा भईरहेको सिल्भर जुबली नक आउट नगदराशि फुटबल टुर्नामेन्टको उपाधि जर्जियन एफसी कालेबुङले जित्न सफल बनेको छ। आज भएको फाइनल खेल गढवाल राईफल्स र जर्जियन एफसी कालेबुङमाझ सम्पन्न भएको छ। यस फाइनल खेलमा जर्जियन एफसी कालेबुङले गढवाल राईफल्सलाई3-0 को अन्तरले सजिलै जितेर उपाधि जितेको छ। यस फुटबल टुर्नामेन्टको विजेतालाई ट्रफीससहित डेढ लाख रुपियाँ र उप विजेतालाई ट्रफीससहित एक लाख रुपियाँ प्रदान गरिएको छ। आज भएको फाईनल खेलमामुख्य अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित रहेका थिए।

**अनित-महानदी**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा हिज शुक्रबार महानदी र घुम्ती कमान क्षेत्रमा पैदल निरीक्षण भ्रमणमा आउनु भएका थिए। जीटीए प्रमुख अनित थापा खरसाङबाट पैदल यात्रा गर्दै गिध्द पहाड, महानदी हुँदै घुम्ती चियाबारीका गाउँहरु भ्रमणमा पुगेका थिए। यसवाधि श्री थापालेघुम्ती चियाबारीको बीच गाउँ, गैरी गाउँमा रहेको पैह्रो क्षेत्रको निरीक्षण गर्नुभयो भने स्थानीयहरुको मांग अनुसार यो पैह्रो मरमत्ति गरिदिने वचन दिनुभयो। यस पैह्रोको निरीक्षण अवधि उहाँसित सम्बन्धित विभागका अधिकारीहरू पनि उपस्थित थिए। यसको साथै उहाँले घुम्ती चियाबारी क्षेत्रमा भूतपूर्व सैनिकहरुको लागि कार्यालय स्थापनाको पनि वचन दिएका छन्।